नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान

रविभवन, काठमाडौं

**क्यान्टिन सञ्चालन गर्ने सम्बन्धी सूचना**

प्रकाशित मिति २०८२/०३/०५

१. यस प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरु, प्रशिक्षणरत प्रशिक्षार्थीहरु, कार्यरत कर्मचारीहरु तथा आगन्तुकहरुलाई स्वच्छ, गुणस्तरिय खाना तथा खाजाको बन्दोवस्त गर्न यस प्रतिष्ठानद्धारा क्यान्टिन सञ्चालन गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३, तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) मा तोकिएको राष्ट्रिय प्रतिस्पर्धात्मक बोलकवोल प्रकृया अन्तर्गत क्यान्टिन सेवा करारमा खरिद/आपुर्तिका लागि योग्य प्रस्तावदाताहरुवाट विद्युतीय प्रस्ताव आव्हान गरिएको छ ।

२. दरभाउपत्रसम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा दरभाउपत्रसम्बन्धी कागजात हेर्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा पनि हेर्न सकिने छ ।

३. प्रस्ताव खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खोलेको दिन प्रस्ताव खरिद गर्ने दर्ता गर्ने र प्रस्ताव खोलिने छ ।

४. प्रस्तावदाताले क्यान्टिन सेवा सम्वन्धी कार्यमा भाग लिन अयोग्य नभएको तथा कुनै स्वार्थ नबाझिएको, व्यवसाय सम्बन्धी कसुरमा हालसम्म कुनै सजाय नपाएको लिखित घोषणा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

५. दरभाउपत्र पेसगर्न इच्छुक नेपाली आपूर्तिकर्ताले देहाय बमोजिम तोकिएको खातामा दरभाउपत्र कागजात वरावरको दस्तुर रु. १,०००/-(अक्षरेपी एक हजारमात्र-पछि फिर्ता नहुने गरी) रकम जम्मा गरी विद्युतीय खरिद प्रणाली मार्फत दरभाउपत्र र दरभाउपत्र कागजातको दस्तुर तिरेको भौचरसँगै अपलोड गर्नुपर्नेछ ।

तपसिल

वैंकको नामः कृषि विकास वैंक,

कार्यलयको खाता नं. ०२१०३०००१६६९९८०१४

कार्यालयको नामः नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान रविभवन, काठमाडौं

६. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको मितिदेखि ४५ दिनको हुनेछ ।

७. दरभाउपत्र पेसगर्दा दरभाउपत्र साथ रु. ५०,०००/- (अक्षरेपी पचास हजार मात्र) दरभाउपत्र खोलिने मितिदेखि गणना हुने तथा ७५ दिन मान्य अवधी रहने गरी क वर्गको बाणिज्य वैंक वा वित्तीय संस्थावाट जारी गरेको वैंक जमानत वा यस प्रतिष्ठानको धरौटी खाता नं. ०२१०३०००१६६९९८०१४ कृषि विकास वैंकमा नगद जम्मा गरेको सक्कल वैंक भौचर दरभाउपत्रसाथ संलग्न गर्नुपर्ने छ ।

९. मिति २०८३ असार १२ गते दिनको १२:०० बजे सम्म विद्युतीय खरिद प्रणाली मार्फत दाखिला



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान

Scanned with CamScanner

भएका दरभाउपत्रहरु मिति २०८३ असार १२ गते दिनको १:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान, रविभवन, काठमाण्डौमा विद्युतीय खरिद प्रणालीमार्फत खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतका मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखिनै गरिनेछ ।

१०. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाका लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

११. दरभाउपत्रमा आइटम वाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।**यसरी भरिएको अनुसूची २ र ३ को दररेटको कागजात प्रणालीमा अनिवार्य अपलोड गर्नुपर्नेछ ।**

१२. म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. एक फर्म, संस्था वा कम्पनीका नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेस गर्न पाइने छैन ।

१४. कार्यालय क्यान्टिन करार अवधिभित्र कुनै किसिमको मूल्य वृद्धि दिईने छैन ।

१५. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठानमा सुरक्षित रहनेछ ।

१६. सूचनामा उल्लेख नभएका कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान



Scanned with CamScanner